**नेपाली / *NEPALI***

*UW–Madison* का संकाय, कर्मचारी र विद्यार्थीहरू,

आज म अत्यन्तै दुखद खबरको बारेमा लेख्दैछु। शुक्रबार राति (१७ फेब्रुअरी) माननीय कुलपति Rebecca M. Blank को क्यान्सरको आक्रामक रूपसँग सात महिनाको लडाइँ पछि वहाँको परिवारहरूको साथमा शान्तिपूर्ण निधन भयो।

मेरो गहन समवेदना प्रकट गर्न Becky को परिवारसँग सम्पर्कमा रहेको छु। म र हाम्रो *UW* परिवारमा हुने हजारौँले वहाँहरूलाई हाम्रो विचारमा राख्नेछौं।

हाम्रो समुदायले एक प्रतिभाशाली अगुवा गुमाएको छ जसले यस महान सरकारी अनुसन्धान विश्वविद्यालयलाई बलियो, थप पहुँचयोग्य, समुदाय र राज्यसँग राम्रो सम्बन्ध जोडिएको र विश्वमा भिन्नता ल्याउनको लागि राम्रो स्थानमा राख्ने बारेमा गहिरो हेरचाह गर्नुभएको थियो।

हामी भाग्यमानी छौं कि वहाँ नौ वर्षसम्म यो असाधारण विश्वविद्यालयको नेतृत्वमा हुनुहुन्थ्यो र आगामी हप्ताहरूमा हामी वहाँको धेरै व्यावसायिक उपलब्धिहरू र हाम्रो विश्वविद्यालय, राज्य र राष्ट्रमा वहाँको छात्रवृत्ति र नेतृत्वको प्रभावको बारेमा कुरा गर्न समय र ठाउँ प्रदान गर्नेछौं।

*Rebecca M. Blank Center for Campus History* र *Rebecca Blank Professorship* को नामाकरण र केही अतिरिक्त विचारहरू सहित हामीले वहाँको दीर्घकालीन प्रभावलाई सम्मान गर्ने तरिकाहरू पनि साझा गर्नेछौं। हामी वहाँको जीवन मनाउनेछौं र वहाँको देहान्तको शोक मनाउनेछौं।

मलाई आशा छ कि तपाईंले वहाँको परिवार र नजिकका साथीहरूको लागि आफ्नो हृदयमा ठाउँ राख्न र यदि तपाईं चाहनुहुन्छ भने, *Remembering Rebecca Blank* वेबसाईटमा वहाँको सम्झना साझा गर्नमा मसँग सामेल हुनुहुनेछ।

भवदीय,

Jennifer Mnookin